# स्थानीय राजपत्र

## लेकवेशी नगरपालिकाद्वारा प्रकाशित

*खण्ड:८)   लेकवेशी नगरपालिका, कल्याण, सुर्खेत,  फाल्गुन २५ गते, २०८१ साल     संख्या: ४*

# भाग - १

## लेकवेशी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालयको

## सूचना

नेपालको संविधान बमोजिम लेकवेशी नगरपालिकाको नगरसभाले तल लेखिए बमोजिमको ऐन बनाएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## लेकवेशी नगरपालिकाको बालबालिका सम्बन्धी ऐन, २०८१

स्वीकृत मितिः २०८१/११/२५

प्रमाणिकरण मितिः २०८१/११/२५

**प्रस्तावना,**

नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन, २०७५ को कार्यान्वयन र लेकबेशी नगरपालिकालाई बाल अधिकार मैत्री नगरको रुपमा स्थपित गर्दै बालबालिकाको हकहितको संरक्षणको लागि कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगर सभाले यो ऐन बनाई लागु गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "बालबालिका सम्बन्धी ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागे यस ऐनमाः

(क) **"नगरपालिका"** भन्नाले लेकबेशी नगरपालिका सम्झनु पर्छ ।

(ख) **"नगर प्रमुख"** भन्नाले लेकबेशी नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(ग) **"बाल अधिकार"** भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ ले व्यवस्था गरे बमोजिम बालबालिकाको अधिकार सम्झनु पर्छ ।

(घ) **"महासन्धी"** भन्नाले बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी, १९९८ लाई सम्झनु पर्छ ।

(ङ) **"बालबालिका"** भन्नाले अठार वर्ष उमेर मुनिका व्यक्ति सम्झनु पर्छ।

(च) **"प्रारम्भिक बाल विकास"** भन्नाले छ वर्ष मुनिका कुनै पनि बालबालिकाको शारिरीक, सामाजिक, बौद्धिक तथा संवेगात्मक सहितको सर्वाङ्गीण विकासलाई सम्झनु पर्छ ।

(छ) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बन्ने नियमावलीमा व्यवस्था भए बमोजिम सम्झनु पर्छ ।

(ज) **"समिति"** भन्नाले ऐनको दफा १३ बमोजिम गठित बाल अधिकार समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद - २

## बालबालिकाको बाँच्न पाउने अधिकार

३. **बाँच्न पाउने अधिकारः** (१) प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार हुनेछ ।

(२) नगरपालिकाले बालबालिकाको बाँच्न पाउने अधिकारको सुरक्षा र बालबालिकाको जीवनमा जोखिम पर्ने गरी हुनसक्ने दुर्व्यवहारको जोखिम न्यूनिकरणको लागि प्रतिरोधात्मक तथा अन्य सुरक्षा उपाय अवलम्बन गर्नेछ ।

४. **नाम र पहिचानको अधिकारः** (१) प्रत्येक बालबालिकालाई जन्मना साथ आफ्नो पहिचान सहित नाम पाउने अधिकार हुनेछ ।

(२) प्रत्येक बालबालिकाको बाबु, आमा वा संरक्षकले उनीहरुको नाम र पहिचान खुलाई प्रचलित कानुन बमोजिम जन्म दर्ता गराउनु पर्नेछ।

(३) उपदफा (२) मा जुनसूकै कुरा लेखिएको भएता पनि जबर्जस्ती करणी वा प्रचलित कानुन बमोजिम सजाय हुने हाडनाता करणीबाट र विवाह गर्नु अघि नै जन्मिएका बाबुको पत्ता नलागेका बालबालिकाको हकमा आमाले चाहेमा आमाको नाम मात्र उल्लेख गरी जन्मदर्ता गरिदिनु पर्नेछ।

५. **उचित हेरचाह एवं पालन पोषणको अधि कारः** (१) प्रत्येक बालबालिकालाई बाबु, आमासँगै बालमैत्री वातावारणमा हुर्कने र बाबु आमाबाट उचित स्याहार, हेरचाह, पालन पोषण, संरक्षण तथा माया प्राप्त गर्ने अधिकार हुनेछ।

(२) कुनै पनि बालबालिकाको स्याहार, हेरचाह र पालन पोषणमा बाबु आमाको समान दायित्व हुनेछ ।

६. **गोपनियताको अधिकारः** (१) प्रत्येक बालबालिकाको जीउ, आवास, चरित्र, लिखत वा अन्य तथ्यांक, व्यक्तिगत विवरण वा सूचना, पत्राचार र सम्पत्तिमा गोपनियताको अधिकार हुनेछ ।

(२) कसैले पनि बालबालिकाको चरित्रमा आघात पार्ने वा निजलाई असहज वा ग्लानी वा अपहेलना हुने किसिमले निजको व्यक्तिगत सूचना, विवरण वा फोटो वा आकृतिको सिर्जना, संकलन, कुनैपनि माध्यमबाट प्रकाशन, प्रसारण, प्रदर्शन, मुद्रण वा बिक्री वितरण गर्नु गराउनु हुँदैन ।

(३) अदालत वा प्रहरी कार्यालयमा कसूरजन्य कार्यको आरोप लागेका पीडित बालबालिकाको नाम, थर, ठेगाना, उमेर, लिंग, पारिवारिक पृष्ठभूमि, आर्थिक स्थिति, कसूर तथा त्यस सम्बन्धमा कुनै कारवाही भएको भए सो लगायतका बालबालिकाको पहिचान खुल्ने विवरण गोप्य राख्नु पर्नेछ।

(४) बालबालिकाको कुनै विवरण कानुनले स्पष्ट तोकेकोमा बाहेक अन्यत्र प्रयोग गरिनु हुँदैन ।

तर त्यस्तो विवरण कुनै अध्ययन वा शोध कार्यका लागि प्रकाशित गर्नु परेमा बालबालिका र निजको परिवारको नाम, थर, घर, ठेगाना तथा अन्य पहिचान नखुल्ने गरी उमेर वा लिंग मात्र उल्लेख गरी निज बालबालिका र परिवारको सहमति लिई प्रकाशन गर्न सकिनेछ ।

७. **अपाङ्गता भएका बालबालिकाको विशेष अधिकारः** (१) अपाङ्गता भएको बालबालिकालाई आफ्नो इज्जत प्रतिष्ठा सुनिश्चित गर्ने, आत्मनिर्भरता प्रवर्द्धन गर्ने, समाजमा सम्मानपूर्वक रहन पाउने तथा सम्मानजनक रुपमा बाँच्न पाउने हक हुनेछ ।

(२) अपाङ्गता भएका बालबालिकालाई विशेष हेरचाह पाउने र समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासको लागि तालिम, स्वास्थ्य स्याहार सेवा, रोजगारीको तयारी तथा मनोरञ्जनको अवसर प्राप्त गर्ने अधिकार हुनेछ ।

(३) अपाङ्गता भएका बालबालिकालाई सार्वजनिक सेवा सुविधामा समान पँहुच र उपयोगको अधिकार हुनेछ ।

## परिच्छेद - ३
## बालबालिकाको विकासको अधिकार

८. **प्रारम्भिक बालविकास तथा शिक्षाको अधिकारः** (१) छ वर्ष मुनिका कुनै पनि बालबालिकालाई आफ्नो उमेर र विकासको स्तर अनुसार खेलको माध्यम तथा वातावारणमा आधारित भई अनुभवजन्य तरिकाले र खोजमूलक ढंगले सिक्न पाउने प्रारम्भिक बाल विकासको अधिकार हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई प्रचलित काननु बमोजिम आधारभूत तहसम्मको शिक्षा अनवार्य र निःशुल्क रुपमा बालमैत्री वातावरणमा पाउने हक हुनेछ ।

(३) प्रत्येक बालबालिकाले आफ्नो शारिरीक तथा मानसिक अवस्थाका आधरमा उपयुक्त अध्ययन सामग्री तथा शिक्षण विधी मार्फत शिक्षा पाउने हक हुनेछ ।

९. **पोषण एवं स्वास्थ्यको अधिकारः** (१) प्रत्येक बालबालिकालाई स्तनपानको अधिकार हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई प्रचलित कानुन बमोजिम सामाजिक सुरक्षा प्राप्त गर्ने अधिकार हुनेछ।

(३) प्रत्येक बालबालिकालाई स्वच्छ सफा वातावरणमा बाँच पाउने अधिकार हुनेछ ।

(४) गर्भवती महिला, स्तनपान गराउने आमा र बालबालिकालाई रोगबाट बच्न आवश्यक खोपहरु लिन पाउने र राष्ट्रिय मापदण्ड अनुरुपको शारिरीक तथा मानसिक स्वस्थ्य सेवा उपयोग गर्न पाउने उमेर अनुसार प्रजनन स्वास्थ्य सम्बन्धी जानकारी पाउने अधिकार हुनेछ ।

(५) प्रत्येक बालबालिकालाई आधारभूत स्वास्थ्य सम्बन्धी उपचारको अधिकार हुनेछ ।

१०. **खेलकुद, मनोरञ्जन तथा साँस्कृतिक अधिकारः** (१) प्रत्येक बालबालिकालाई निजको उमेर र रुचि अनुसारको खेल खेल्ने र खेलकुदमा सहभागी हुने अधिकार हुनेछ ।

(२) प्रत्येक अभिभावक तथा विद्यालयले पठनपाठन बाहेकको समयमा खेलकुदमा सहभागी हुन बालबालिकालाई प्रोत्साहन गर्ने र त्यसको लागि आवश्यक उपयुक्त खेलकुद स्थल र खेलकुद सामग्रीको व्यवस्था गर्नु पर्नेछ ।

(३) प्रत्येक बालबालिकालाई आफ्नो उमेर, रुचि र आवश्यकता अनुसार मनोरञ्जन गर्ने अधिकार हुनेछ ।

(४) आफ्नो हितमा प्रतिकुल नहुने गरी प्रत्येक बालबालिकालाई आफ्नो धर्म, संस्कृति, चलन, रीतिरिवाज र आस्था अनुसारको सांस्कृतिक गतिविधिमा भाग लिने अधिकार हुनेछ ।

## परिच्छेद - ४
## बालबालिकाको सहभागिताको अधिकार

११. **सूचना तथा सहभागिताको अधिकारः** प्रत्येक बालबालिकालाई प्रचलित कानुन बमोजिम आफ्नो तथा सार्वजनिक सूचनाको जानकारी पाउने हक हुनेछ । तर सूचना दिदा उनीहरुको बौद्धिक अवस्था अनुकुल हुने गरी सरल भाषामा बुझिने गरी र सहज रुपमा दिनु पर्नेछ ।

**१२. बाबु आमासँग भेटघाट र सम्पर्क गर्ने अधिकारः** (१) कुनै पनि बालबालिकालाई बाबु वा आमाबाट भिन्न वा अलग गर्नु हुँदैन ।

(२) कुनै कारणवश बाबु वा आमासँग भिन्न बसेको बालबालिकालाई बाबु आमासँग व्यक्तिगत सम्बन्ध कायम राख्ने वा नियमित रुपमा प्रत्यक्ष सम्पर्क वा भेटघाट गर्ने, टेलिफोन गर्ने, पत्राचार वा विद्युतीय माध्मबाट सम्पर्क गर्ने अधिकार हुनेछ । त्यस्तो भेटघाटको लागि कुनै संयोजन गर्नुपर्ने भएमा बाल कल्याण अधिकारीले आवश्यक संयोजन वा सहजिकरण गरिदिनु पर्नेछ ।

(३) धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले धर्मपुत्र वा धर्मपुत्री हुने बालबालिकालाई निजको इच्छा अनुसार आफ्नो जन्मदिने बाबु आमासँग सम्र्पक वा भेटघाट गर्न दिनु पर्नेछ ।

## परिच्छेद - ५

## बाल अधिकार समिति तथा बाल कोष सम्बन्धी व्यवस्था

**१३. बाल अधिकार समितिको गठनः** (१) नगरपालिकामा देहाय बमोजिम एक बाल अधिकार समिति रहनेछः

(क) नगरपालिकाको उप-प्रमुख - संयोजक

(ख) नगरपालिकाको सामाजिक विकास समितिका संयोजक - सदस्य

(ग) नगर कार्यपालिकाले तोकेको नगर कार्यपालिकाको एकजना महिला सदस्य - सदस्य

(घ) नगर कार्यपालिकाले तोकेको नगरपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापक मध्येबाट एक जना महिला सहित तीन जना - सदस्य

(ङ) नगर बाल सञ्जालको अध्यक्ष - सदस्य

(च) नगरपालिकाको सामाजिक विकास शाखा प्रमुख - सदस्य

(छ) नगरपालिकाको महिला, बालबालिका तथा समाज कल्याण उपशाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिको खण्ड (घ), (ङ) बमोजिमको सदस्यको कार्यकाल चार वर्षको हुनेछ ।

(३) उपदफा (१) बमोजिम गठित समितिको बैठक समितिको संयोजकले तोके बमोजिम हुनेछ ।

१४. **बालअधिकार समितिको काम, कर्तव्य र अधिकारः** बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) बालबालिकाको हकहित संरक्षण सम्बन्धी योजनाको तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने,

(२) बाल अधिकारसम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने,

(३) बिशेष संरक्षणको आवश्यकता पर्ने बालबालिकाहरुलाई उचित पुर्नःस्थापनाको व्यवस्था मिलाउने,

(४) नगर भित्र बालअधिकार हननका घटनाहरुलाई निवारण गर्न आवश्यक पहल एवं अनुगमन गर्ने,

(५) बाल अधिकारको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरुको अभिलेख राख्ने अनुगमन र नियमन गर्ने,

(६) बालमैत्री स्थानीय शासनको लागि आवश्यक योजना तर्जुमा गरी लागु गर्ने ।

(७) तोकिएका अन्य कार्य गर्ने ।

१५. **स्थानीय बाल कोषको स्थापनाः** (१) बालबालिकाको तत्काल उद्दार, राहत, पुर्नःस्थापना र क्षतिपूर्तिका लागि पालिकास्तरमा एक बाल कोष स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु जम्मा हुनेछः

(क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) केन्द्रीय बाल कोष तथा प्रदेश बाल कोषबाट उपलव्ध गराईएको रकम,

(ग) बालकोषमा जम्मा हुने भनी पालिकाबाट छुट्याईएको रकम,

(घ) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था तथा व्यक्तिबाट प्राप्त रकम,

(ङ) स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

(च) अन्य कुनै श्रोतबाट प्राप्त हुने रकम ।

(३) कुनै विदेशी सरकार, संघ, संस्था, निकाय वा व्यक्तिबाट रकम प्राप्त गर्नु अघि नेपाल सरकार अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम स्थापना भएको कोषको व्यवस्थापन, सञ्चालन र प्रयोग सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद - ६
## बाल मनेविज्ञको व्यवस्था

१६. **बाल मनोविज्ञको व्यवस्थाः** (१) नगरपालिकाले मान्यता प्राप्त विश्वविद्यालयबाट सामाजिक कार्य, बाल विकास वा बाल अधिकारको विषय लिई कम्तीमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरेको वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा दश जोड दुई उत्तीर्ण गरी मनोविज्ञानको तालिम प्राप्त गरेको, नगरपालिका भित्र बसोबास भएको, कुनै किसिमको फौजदारी अभियोगमा सजाय नपाएको, उच्च नैतिक चरित्र भएको व्यक्तिहरु मध्येबाट बाल मनोविज्ञको सूची तयार गर्नेछ ।

(२) बाल मनोविज्ञको थप योग्यता, सूचीकरणको प्रक्रिया नगर कार्यपालिकाले निर्णय गरी तोके बमोजिम हुनेछ ।

१७. **बाल मनोविज्ञको अवधीः** एक पटक सूचीकृत भएको बाल मनोविज्ञको अवधी चार वर्षको हुनेछ र निजको पूनः सूचीकरण गर्न सकिनेछ ।

१८. **बाल मनोविज्ञको काम, कर्तव्य र अधिकारः** बाल मनोविज्ञको मूलभूत काम कर्तव्य र अधिकार बाल मनोपरामर्शकर्ताको रुपमा कार्य गर्नु हुनेछ । निजको अन्य काम, कर्तव्य, अधिकार तथा सेवाका अन्य शर्त कार्य पालिकाले तोके बमाजिम हुनेछ ।

## परिच्छेद - ७

## विविध

१९. **बाल कल्याण अधिकारीः** (१) नगरपालिकामा एक जना बाल कल्याण अधिकारी रहनेछ । बाल कल्याण अधिकारीले बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धनको लागि काम गर्नेछ ।

(२) बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार तथा सेवा शर्त लगायतका अन्य व्यवस्था बालबालिका सम्बन्धी ऐन, २०७५ मा तोकिए बमोजिम हुनेछ ।

२०. **बालगृहको दर्ता तथा मापदण्ड सम्बन्धी व्यवस्थाः** नगरपालिका भित्र संचालित वा संचालन हुने बाल सुधार गृह वा बालबालिकाका लागि संचालन गरिने आवासीय वा अन्य केन्द्र वा गृह अनिवार्य रुपमा नगरपालिकामा दर्ता हुनु पर्नेछ । त्यस्ता गृह वा केन्द्रको दर्ता, सो को मापदण्ड र नियमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२१. **सूचीकरण हुनुपर्नेः** (१) पालिका भित्र क्रियाशील वा पालिकालाई आफ्नो कार्य क्षेत्र बनाई काम गर्न इच्छुक बालबालिकाका क्षेत्रमा काम गर्न चाहने संघ संस्थाहरुले आफुले प्रवाह गर्ने सेवाको विस्तृत विवरण खुलाई पालिका समक्ष सूचीकृत हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचीकृत हुनका लागि आवश्यक सूचीकृत शुल्क, सूचीकरणको लागि आवश्यक कागजात तथा अन्य व्यवस्था पालिकाले समय समयमा तोके बमोजिम हुनेछ ।

२२. **पालिकासँग समन्वय गर्नुपर्नेः** पालिकालाई कार्य क्षेत्र बनाई बालबालिकाका क्षेत्रमा काम गर्ने कुनैपनि व्यक्ति, संस्था वा निकायले पालिकासँग आवश्यक समन्वय गरी काम गर्नु पर्नेछ ।

२३. **अनुगमन तथा निरीक्षणः** नगरपालिका अन्तर्गतको दफा १३ बमोजिम गठित बाल अधिकार समितिले नगरपालिका क्षेत्र भित्र रहेका बाल सुधार गृह र बालबालिकाका लागि सञ्चालनमा रहेका आवासीय तथा अन्य गृहको जुनसुकै समयमा निरीक्षण तथा अनुगमन गर्न सक्नेछ ।

२४. **कानुनी सहायताः** नगरपालिकाले कानुनी विवादमा परेका बालबालिकालाई आवश्यकता अनुसार निःशुल्क कानुनी सहायता प्रदान गर्न गराउन सक्नेछ।

२५. **प्रचलित कानुन बमोजिम हुनेः** यस ऐनमा उल्लेख गरिएका बाहेक बालबालिकाका अन्य हक अधिकार तथा अन्य व्यवस्था प्रचलित कानुनमा उल्लेख भए बमोजिम हुनेछ ।

२६. **नियम बनाउने अधिकारः** यस ऐनको कार्यान्वयनको लागि आवश्यक नियमावली बनाउने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

**आज्ञाले**

**बखत बहादुर खड्का**

**प्रमुख प्रशासकीय अधिकृत**